# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर सातौं तहका पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १३१/२०८२-०८३, मिति २०८२/६/२७ गते सोमबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सरकारी सेवाका अधिकृतस्तर सातौं तहका देहायका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ तथा देहाय बमोजिमका शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/७/२५ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ र दफा ३७ बमोजिमको योग्यता तथा दफा ३० बमोजिम योग्य भएको हुनु पर्नेछ।

२. **कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३, ३४, ३५ र ३६ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३२ बमोजिम हुनेछ। साथै स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिम योग्य भएको हुनु पर्नेछ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिट रोल नं.) उल्लेख गर्नु पर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सोको अवधि तथा गयल कट्टी भएको भए सोको विवरण खुलाई पेश गर्नुपर्नेछ ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

७. आयोगमा बढुवाको फाराम बुझाउँदा सम्बन्धित तहको लागि पदपूर्ति हुने स्थानीय तहहरूको लागि आयोगबाट प्राप्त विवरण फाराममा आफूले जान चाहेको स्थानीय तहको प्राथमिकताक्रम भरी अनिवार्य दस्तखत समेत गरी बढुवाको फाराम साथ बुझाउनुपर्नेछ ।

८. दरखास्त दस्तुर रु. १,२००।- (रु. एक हजार दुई सय मात्र) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-**

राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा

नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१०००००१ वा

कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७

कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**क) प्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | २/०८२-८३ | शिक्षा अधिकृत | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/ | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ३/०८२-८३ | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| २ | ४/०८२-८३ | कानून अधिकृत | ७ | स्थानीय कानून/कानून | १ |

### कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**क) प्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ५/०८२-८३ | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| २ | ६/०८२-८३ | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | १ |

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| ३ | ७/०८२-८३ | शिक्षा अधिकृत | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| ४ | ८/०८२-८३ | जनस्वास्थ्य अधिकृत | ७ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ९/०८२-८३ | लेखा अधिकृत | ७ | स्थानीय प्रशासन/लेखा | १ |

# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ अधिकृतस्तर आठौं तथा सातौं तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १३२/२०८२-०८३, मिति २०८२/६/२७ गते सोमवार**

स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**क. प्राविधिक तर्फः**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ८००१/०८२-८३ | खुला | मेडिकल अधिकृत | ८ | स्थानीय स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | ४ |
| २ | ८००२/०८२-८३ | आ.ज. | मेडिकल अधिकृत | ८ | स्थानीय स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ३ | ८००३/०८२-८३ | महिला | मेडिकल अधिकृत | ८ | स्थानीय स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ४ | ७००१/०८२-०८३ | खुला | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | १२ |
| ५ | ७००२/०८२-०८३ | आ.ज. | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| ६ | ७००३/०८२-०८३ | महिला | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| ७ | ७००४/०८२-०८३ | थारू | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ८ | ७००५/०८२-०८३ | मधेशी | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ९ | ७००६/०८२-०८३ | मुस्लिम | इन्जिनियर | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| १० | ७००७/०८२-०८३ | खुला | वातावरण इन्जिनियर | ७ | स्थानीय वन तथा वातावरण | १ |
| ११ | ७००८/०८२-०८३ | आ.ज. | वातावरण इन्जिनियर | ७ | स्थानीय वन तथा वातावरण | १ |
| १२ | ७००९/०८२-०८३ | खुला | शिक्षा अधिकृत | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ८ |
| १३ | ७०१०/०८२-०८३ | आ.ज. | शिक्षा अधिकृत | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |
| १४ | ७०११/०८२-०८३ | महिला | शिक्षा अधिकृत | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| १५ | ७०१२/०८२-०८३ | थारू | शिक्षा अधिकृत | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| १६ | ७०१३/०८२-०८३ | खुला | जनस्वास्थ्य अधिकृत | ७ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| १७ | ७०१४/०८२-०८३ | आ.ज. | जनस्वास्थ्य अधिकृत | ७ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |

**ख. अप्राविधिक तर्फ**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ७५०१/०८२-८३ | खुला | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १७ |
| | | | लेखा अधिकृत | ७ | स्थानीय प्रशासन/लेखा | ६ |
| | | | आ.ले.प. अधिकृत | ७ | स्थानीय प्रशासन/आ.ले.प. | १ |
| २ | ७५०२/०८२-८३ | आ.ज. | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ |
| | | | लेखा अधिकृत | ७ | स्थानीय प्रशासन/लेखा | १ |
| ३ | ७५०३/०८२-८३ | महिला | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ |
| | | | लेखा अधिकृत | ७ | स्थानीय प्रशासन/लेखा | २ |

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| ५ | ७५०४/०८२-८३ | थारू | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| ६ | ७५०५/०८२-८३ | मधेशी | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| ७ | ७५०६/०८२-८३ | मुस्लिम | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| ८ | ७५०७/०८२-८३ | अपाङ्ग | शाखा अधिकृत | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| ९ | ७५०८/०८२-८३ | खुला | महिला विकास अधिकृत | ७ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |
| १० | ७५०९/०८२-८३ | खुला | कानून अधिकृत | ७ | स्थानीय कानून/कानून | १ |
| ११ | ७५१०/०८२-८३ | महिला | कानून अधिकृत | ७ | स्थानीय कानून/कानून | १ |

**नोटः आ.ज.- आदिवासी जनजाति**

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिक तर्फ**

| क्र. सं. | सेवा/समूह/उपसमूह | तह | पद | किसिम | परीक्षा मिति र समय | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १ | स्वास्थ्य/ज.हे.स. | ८ | मेडिकल अधिकृत | खुला तथा समावशी | २०८२/९/१५ गते दिनको १:०० बजे | २०८२/९/१६ गते दिनको १:०० बजे | - |
| २ | इन्जिनियरिङ/सिभिल | ७ | इन्जिनियर | खुला तथा समावेशी | २०८२/९/१७ दिनको १:०० बजे | २०८२/९/१८ दिनको १:०० बजे | - |
| ३ | वन तथा वातावरण | ७ | वातावरण इन्जिनियर | खुला तथा समावेशी | २०८२/९/१९ बिहानको ८:०० बजे | २०८२/९/१९ दिनको १:०० बजे | - |
| ४ | शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ७ | शिक्षा अधिकृत | खुला तथा समावेशी | २०८२/९/२० दिनको १:०० बजे | २०८२/९/२१ दिनको १:०० बजे | २०८२/९/२२ दिनको १:०० बजे |
| ५ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ७ | जनस्वास्थ्य अधिकृत | खुला तथा समावेशी | २०८२/९/२३ दिनको १:०० बजे | २०८२/९/२४ दिनको १:०० बजे | - |

**ख. अप्राविधिक तर्फ**

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | किसिम | परीक्षा मिति र समय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चौथो पत्र |
| १ | प्रशासन/सामान्य प्रशासन, लेखा, आ.ले.प. | ७ | शाखा अधिकृत/लेखा अधिकृत/आ.ले.प. अधिकृत | खुला तथा समावेशी | २०८२/९/१२ दिनको १:०० बजे (प्रथम चरण) | २०८२/१०/१६ दिनको १:०० बजे | २०८२/१०/१७ दिनको १:०० बजे | २०८२/१०/१८ दिनको १:०० बजे |
| २ | प्रशासन/विविध/महिला विकास | ७ | महिला विकास अधिकृत | खुला | २०८२/९/१५ बिहानको ८:०० बजे (प्रथम चरण) | २०८२/१०/१९ दिनको १:०० बजे | २०८२/१०/२० दिनको १:०० बजे | - |
| ३ | कानून/कानून | ७ | कानून अधिकृत | खुला तथा समावेशी | २०८२/९/२५ दिनको १:०० बजे | २०८२/९/२६ दिनको १:०० बजे | - | - |

**परीक्षा केन्द्रः-** पछि प्रकाशन गरिनेछ।

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका किसिम वा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| सातौं | रु. १,२००।- | रु. ४००।- |

**दरखास्त दिने अन्तिम मितिः** २०८२/७/१६ गते र दोब्बर दस्तुर तिरी २०८२/७/२३ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैङ्कबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः** २०८२/७/२४ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**दरखास्तको माध्यमः** खुला तथा समावेशी तर्फ विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

**उम्मेदवारको उमेरको हदः** २०८२/७/१६ गतेसम्म २१ बर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० बर्ष ननाघेको। स्वास्थ्य सेवाको हकमा २१ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, द्रष्टव्यको (क) बमोजिमको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ।
**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा समूहको पदलाई तोकिएका कार्य।

तलवः तोकिए बमोजिम।

## आवश्यक न्यूनतम शैक्षिक योग्यताः

**अन्तर तह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **मेडिकल अधिकृत, तह ८, स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नविकरण भएको।

२. **इन्जिनियर, तह ७, इञ्जिनियरिङ सेवा, सिभिल समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

३. **वातावरण इन्जिनियर, तह ७, वन तथा वातावरण सेवाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण इन्जिनियरिङ्ग विषयमा कम्तीमा चार बर्षको स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

४. **शिक्षा अधिकृत, तह ७, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

५. **जनस्वास्थ्य अधिकृत, तह ७, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तहको उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नविकरण भएको।

६. **शाखा अधिकृत, तह ७, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण।

७. **लेखा अधिकृत, तह ७, प्रशासन सेवा, लेखा समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्रमध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।

८. **आन्तरिक लेखा परीक्षण अधिकृत, तह ७, स्थानीय प्रशासन सेवा, आ.ले.प. समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन, वा वणिज्य शाष्त्र विषयमा स्नातक उपाधि प्राप्त।

९. **महिला विकास अधिकृत, तह ७, प्रशासन, विविध, महिला विकासः** मान्यताप्राप्त शिक्षण संस्था स्नातक तह वा सो सरह उत्तीर्ण ।

१०.**कानून अधिकृत, तह ७, स्थानीय कानून सेवा, कानून समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण।

**<u>खुला तथा समावेशी परीक्षाको लागि सूचनाः</u>**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।

३. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

४. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

५. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सिप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सिप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सिप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उतीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

६. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू दरखास्त साथ पेश गर्नु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **थारुका हकमाः** थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर थारु आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएका जातिभित्र पनि एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

घ) **मुस्लिमका हकमाः** राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको मुस्लिम समूदायको हकमा सोहि सूचीको आधारमा, तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत नभएसम्मको लागि र सूचिकृत भएको जातिको हकमा पनि एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ङ) **अपाङ्गता भएका व्यक्तिको हकमाः** प्रचलित कानून बमोजिमको अपाङ्गता परिचयपत्र दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० बमोजिमको सुविधा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (४) तथा प्रदेश निजामती सेवा नियमावली २०८१ को नियम २१ को उपनियम (४) साथै स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (२) अनुसार एक व्यक्तिले सहायकस्तर र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक/एक पटक मात्र लिन पाउनेछ।**

**द्रष्टव्यः**

**क) स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**घ) समान तहको पदमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९ बमोजिम उम्मेदवार हुन पाउने व्यवस्था नभएकोले त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै वेला रद्द हुनेछ ।**

**ङ) महिला विकास तर्फका पदहरुका लागि महिला मात्र उम्मेदवार हुन पाउनेछन।**

च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

ज) दरखास्त दिने अन्तिम मिति (२०८२/७/१६ गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

झ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ञ) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

**ट) विज्ञापन नम्बर, छनोट विषय र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग वाध्य हुने छैन।**

ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ड) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ढ) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।